कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

# युगआह्वान

yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: २७ | वि.सं. २०८३ वैशाख २७ आइतवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण अष्टमी | Sunday 10 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## हावाहुरीले ढाल्यो १३२ केभी प्रसारण आयोजनाका पोल

**सञ्चालनमा आएको तीन महिनामै हावाहुरीले ढालेको रुखका कारण दुई वटा पोल भाँचिएपछि आयोजनाको प्राविधिक तयारी र संरचनागत सुरक्षामाथि प्रश्न उठेको छ । क्षतिग्रस्त प्रशारण आयोजनालाई मर्मत गरी पहिल्यैकै अवस्थामा ल्याउन दुई महिना बढी समय लाग्ने भएकाले कर्णालीका नागरिकलाई पुन: अनियमित विद्युतको मार खेप्नुपर्ने बाध्यता आइलागेको छ ।**

**ओम शाही**
**सुर्खेत, २६ वैशाख ।**

केही दिनअघि आएको भीषण हावाहुरीका कारण ढलेको रुखले कोहलपुर-सुर्खेत १३२ केभी प्रसारणलाइनमा क्षति पुऱ्याउँदा कर्णाली प्रदेशको विद्युत सेवा अनियमित बनेको छ। मुख्य प्रसारणलाइनमा क्षति पुगेपछि कर्णालीका अधिकांश जिल्लामा विद्युत आपूर्ति प्रभावित बनेको हो।

कर्णालीमा विद्युत आपूर्ति हुने कोहलपुर-सुर्खेत ३३ केभी प्रसारणलाइनमा पनि हावाहुरीले क्षति पुऱ्याएकाले विद्युत सेवा पुनःस्थापनामा समस्या देखिएको जनाइएको छ। लामो समय रुख कटान, जग्गा भोगाधिकार तथा विभिन्न कानुनी अल्झन पार गर्दै निर्माण सम्पन्न गरिएको १३२ केभी प्रशारण आयोजना तीन महिनाअघि मात्रै सञ्चालनमा आएको थियो।

सञ्चालनमा आएको छोटो अवधिमै प्राकृतिक विपद्का कारण संरचनामा गम्भीर क्षति पुगेपछि आयोजनाको दिगोपन र गुणस्तरमाथि प्रश्न उठ्न थालेको छ। प्रसारण आयोजना प्रमुख रविकुमार चौधरीका अनुसार बाँके राष्ट्रिय निकुञ्ज अन्तर्गत चिसापानी क्षेत्रमा आएको हावाहुरीपछि ढलेको ठूलो रुखले १३२ केभी प्रसारणलाइनका दुई वटा पोल भाँचिएका हुन्।

'हावाहुरीले प्रशारण लाइनका दुई वटा पोलहरु लडाएको छ,' चौधरीले भने, 'अहिले प्राविधिक मूल्यांकनको काम गरिरहेका छौं।' उनका अनुसार क्षति गम्भीर प्रकृतिको भएकाले मर्मत कार्य सम्पन्न गर्न लामो समय लाग्ने देखिएको छ। पोल मात्रै नभई संरचनाको आधार भाग अर्थात् फाउन्डेसनदेखि नै पुनःनिर्माण गर्नुपर्ने अवस्था रहेकाले तत्काल लाइन सञ्चालनमा ल्याउन नसकिने उनले बताए। 'अब फाउन्डेसनदेखि नै काम सुरु गर्नुपर्ने



अवस्था छ। पूर्ण रूपमा पुनःनिर्माण गर्न करिब डेढ महिना लाग्न सक्छ,' चौधरीले भने।

मुख्य १३२ केभी प्रसारणलाइन अवरुद्ध भएपछि अहिले वैकल्पिक रूपमा कोहलपुर-सुर्खेत ३३ केभी लाइनमार्फत विद्युत आपूर्ति गर्ने तयारी भइरहेको आयोजनाले जनाएको छ। यद्यपि, सो लाइनमा पनि क्षति पुगेकाले विद्युत आपूर्ति पूर्ण रूपमा सहज हुन नसकेको जनाइएको छ। आयोजना प्रमुख चौधरीका अनुसार कैलालीबाट ल्याइएको ३३ केभी प्रसारणलाइनमार्फत पनि कर्णालीमा विद्युत आपूर्ति गर्ने प्रयास भइरहेको छ। वैकल्पिक लाइन प्रयोग गरेर अत्यावश्यक सेवा तथा मुख्य बजार क्षेत्रमा क्रमशः विद्युत आपूर्ति पुनःस्थापना गर्ने तयारी रहेको उनले बताए।

कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण आयोजना कर्णाली प्रदेशको दीर्घकालीन विद्युत आपूर्तिका लागि महत्वपूर्ण पूर्वाधार हो। लामो समयदेखि कमजोर विद्युत संरचना र पटक-पटकको विद्युत अवरोध झेल्दै आएको कर्णालीका लागि यो आयोजना लाइफलाइनका रूपमा प्रस्तुत गरिएको थियो। तर, सञ्चालनमा आएको तीन महिनामै हावाहुरीले ढालेको रुखका कारण दुई वटा पोल भाँचिएपछि आयोजनाको प्राविधिक तयारी र संरचनागत सुरक्षामाथि प्रश्न उठेको छ।

सामाजिक सञ्जालमा धेरै प्रयोगकर्ताले निर्माण सामग्रीको गुणस्तर तथा प्रसारणलाइन निर्माणका क्रममा अपनाउनुपर्ने 'ग्राउण्ड क्लियरेन्स' लगायतका प्राविधिक मापदण्ड पर्याप्त रूपमा पालना नभएको दाबी गरेका छन्। उनीहरुले हावाका कारण ढलेको रुखले सहजै लाइन छोएकाले प्रसारणलाइनको सुरक्षात्मक दूरी र वन क्षेत्र व्यवस्थापनमा लापरवाही भएको आशंका व्यक्त गरेका छन्। यद्यपि, आयोजनाले भने क्षतिको मुख्य कारण असामान्य प्राकृतिक विपद् भएको जनाएको छ।

अहिले घटनाको प्राविधिक मूल्यांकन भइरहेको र त्यसपछि मात्रै क्षतिको वास्तविक कारण तथा पुनःनिर्माणको विस्तृत योजना सार्वजनिक गरिने आयोजनाको भनाई छ। '१३२ केभी लाइनका लागि सामान्यतया करिब ३० मिटर आसपासको करिडोर सुरक्षित राखिन्छ।

बाँकी ३ पेजमा

## भारतीय मुद्रासहित दुई पक्राउ

**युग संवाददाता**
**नेपालगन्ज, २६ वैशाख ।**

बाँकेमा प्रहरीले स्रोत नखुलेको छ लाख भारतीय मुद्रासहित दुई जनालाई पक्राउ गरेको छ। जिल्लाको नरैनापुर गाउँपालिकातर्फ हिँडेका उनीहरूलाई अटो रिक्सामा विशेष सूचनाका आधारमा जाँच गर्दा अवैध भारतीय ५०० र १००० का नोटसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले जानकारी दिए।

नेपालगन्ज उपमहानगरपालिका -२ स्थित एकलैनीबाट नरैनापुर गाउँपालिका-५ बस्ने २९ वर्षीय वीरवल कुम्हार, सोही गाउँपालिका-४ बस्ने ३८ वर्षी मुनिव खाँलाई पक्राउ गरिएको उनले बताए। सो रकम आन्तरिक राजस्व कार्यालय, कोहलपुरमा बुझाइएको छ भने पक्राउ परेकालाई हिरासतमा लिएर अनुसन्धान गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ। त्यसैगरी प्रहरीले नेपालगन्जमा करिब रु तीन लाख ४६ हजार बराबरको भन्सार छली गरेर ल्याएका सामान बरामद गरेको छ।

## नेपालको ऊर्जा जडित क्षमता पुग्यो ४२ सय ९६ मेगावाट

**युग संवाददाता**
**काठमाडौं, २६ वैशाख ।**

नेपालको कूल ऊर्जा जडित क्षमता ४ हजार २ सय ९६ मेगावाट पुगेको छ। नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रका ऊर्जा उत्पादकहरूद्वारा उत्पादित विद्युत् का आधारमा उक्त क्षमता निर्धारण भएको ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्रालयले जनाएको छ।

परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादितबाहेक ४ हजार २ सय ९६ मेगावाट क्षमता निर्धारण भएको हो। चालु आर्थिक वर्षको अन्त्यसम्म कूल जडित क्षमता चार हजार ५ सय मेगावाटभन्दा माथि पुग्ने मन्त्रालयले प्रक्षेपण गरेको छ।

हाल निर्माणको क्रममा तीन हजार मेगावाट क्षमताका आयोजना छन्, भने निर्माणमा जान तयारी अवस्थामा रहेका आयोजनाको क्षमता पनि समान रहेको मन्त्रालयले जनाएको छ। हालसम्म ६६ केभीभन्दा माथिका करिब ७ हजार ३ सय ६० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको छ।

त्यस्तै, १४ हजार ३ सय २३



एमभिए क्षमताको सबस्टेसन निर्माण सम्पन्न भएको मन्त्रालयले उल्लेख गरेको छ भने ३३ केभी क्षमताका करिब ८ हजार २ सय २५ सर्किट किलोमिटर प्रसारण लाइन तथा ३ हजार ३ सय ८ एमभीए क्षमताको सबस्टेसन निर्माण भएका छन्।

सरकारको पहल र सक्रियता, नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको विशेष अभियानका कारण देशभरको विद्युत् चुहावट १२.५ प्रतिशतमा सीमित भएको प्राधिकरणले जनाएको छ। त्यस्तै प्राविधिक चुहावटलाई क्रमशः घटाउँदै लैजाने लक्ष्य राखिएको छ। सवस्टेसनको क्षमता विस्तार, प्रसारण लाइनको स्तरोन्नति तथा प्राविधिक उपाय अवलम्बन गर्दै चुहावट क्रमशः घटाइने मन्त्रालयले स्पष्ट पारेको छ।

त्यसैगरी प्रतिव्यक्ति विद्युत् खपत ४ सय ५० किलोवाट घण्टा बराबर पुगेको छ। हालसम्म राष्ट्रिय विद्युत् प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युत्मा पहुँचमा पहुँच प्राप्त जनसंख्या ९९ प्रतिशत बराबर पुगेको छ।

हालसम्म विद्युत् निर्यात २ हजार ९ सय १८ गिगावाट प्रतिघण्टा छ भने विद्युत् आयात करिब ५ सय ९० गिगावाट घण्टा भएको छ। हालसम्म सौर्य विद्युत् उत्पादन क्षमता ६२.७ मेगावाट बराबर पुगेको छ। लघु तथा साना जलविद्युत् आयोजनाबाट ५५.३ मेगावाट बराबर विद्युत् उत्पादन भएको छ।






## सम्पादकीय....

# यस्तो हुनुपर्छ वीरेन्द्रनगरको भावि दिशा

कुनै समय औलोको त्रासले बसाई नहुने वीरेन्द्रनगर उपत्यका आज कर्णाली प्रदेशको राजनीतिक, प्रशासनिक र आर्थिक केन्द्रका रूपमा उभिएको छ। यही ऐतिहासिक यात्राको प्रतीक बनेर वीरेन्द्रनगर नगरपालिकाले आफ्नो स्थापनाको ५० औँ वार्षिकोत्सव मनाएको छ। पाँच दशकको यो यात्रा एउटा नगरको विकासको सामान्य यात्रा होइन, कर्णालीको सामाजिक रूपान्तरण, शहरी विस्तार र राजनीतिक परिवर्तनको पनि इतिहास हो। २०३३ सालमा नगरपालिका स्थापना हुँदा वीरेन्द्रनगर एउटा सानो बसोबास क्षेत्र थियो। औलो उन्मूलनपछि विस्तारै बस्ती बस्न थालेको यो क्षेत्र २०२८ सालमा सदरमुकाम बनेपछि विकासको गति समात्न थालेको हो। चौहानचौरबाट वीरेन्द्रनगर बनेको यो सहरले पञ्चायतकालिन क्षेत्रीय सदरमुकामदेखि संघीय लोकतान्त्रिक गणतन्त्रपछिको कर्णाली प्रदेशको राजधानीसम्मको यात्रा तय गरेको छ। आज वीरेन्द्रनगर कर्णालीको प्रशासनिक केन्द्र मात्र होइन, पश्चिम नेपालको उदाउँदो सहरका रूपमा पनि स्थापित हुँदै गएको छ। नगरपालिकाले बार्षिकोत्सवका अवसरमा सार्वजनिक गरेको चार वर्षे कार्यप्रगतिले केही सकारात्मक संकेत अवश्य दिएको छ। सडक कालोपत्रे, नाला निर्माण, विद्यालय तथा स्वास्थ्य भवन निर्माण, उज्यालो नगर अभियान, सिसिटिभी जडान, पार्क तथा सार्वजनिक संरचना निर्माणजस्ता कामले नगरको आधारभूत पूर्वाधार विस्तार भएको देखिन्छ। भेरी लिफ्ट खानेपानी आयोजना जस्ता दीर्घकालीन योजनाले भविष्यको बढ्दो जनसंख्यालाई मध्यनजर गरेको देखिन्छ।

आधुनिक बसपार्क, चक्रपथ, आकाशे पुल, सडक बत्ती र ट्राफिक व्यवस्थापनजस्ता योजना राजधानी सहरको स्वरूप निर्माण गर्ने आधार हुन्। प्रदेश राजधानी भएपछि वीरेन्द्रनगरमा जनसंख्या, सेवा माग र आर्थिक गतिविधि तीव्र रूपमा बढेका छन्। त्यसअनुसार नगरले पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्नु सकारात्मक पक्ष हो। तर विकासका दाबी मात्र पर्याप्त हुँदैनन्। ती विकासले नागरिकको दैनिक जीवन कति सहज बनायो भन्ने प्रश्न अझै महत्वपूर्ण छ। वीरेन्द्रनगर अझै पनि अव्यवस्थित शहरीकरण, फोहोर व्यवस्थापन, सवारी चाप, नदी तथा सार्वजनिक जग्गा अतिक्रमण, बेरोजगारी र खानेपानी समस्याजस्ता चुनौतीसँग जुधिरहेको छ। राजधानी बनेपछि अवसर बढे पनि योजनाविहीन बसोबास र तीव्र जनसंख्या बृद्धिले सहरमाथी थप दबाब सिर्जना गरेको छ। नगरपालिकाले समावेशी, व्यवस्थित र स्वच्छ सहर निर्माणको प्रतिबद्धता दोहोऱ्याएको छ। यो प्रतिबद्धता व्यवहारमा देखिनु जरुरी छ। विकास केवल सडक र भवन निर्माणमा सीमित हुनुहुँदैन। सार्वजनिक सेवा पारदर्शी, जवाफदेही र प्रभावकारी बन्नुपर्छ। नागरिकले सहज रूपमा स्वास्थ्य, शिक्षा, यातायात र प्रशासनिक सेवा पाउन सक्नुपर्छ। कर्णाली प्रदेशको राजधानी भएकाले वीरेन्द्रनगरको भूमिका अझ ठूलो छ। यो नगरले कर्णालीका अन्य स्थानीय तहका लागि विकासको नमुना प्रस्तुत गर्न सक्नुपर्छ। त्यसका लागि योजनाबद्ध शहरीकरण, वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, सार्वजनिक यातायात व्यवस्थापन र रोजगारी सिर्जनामा विशेष ध्यान दिन आवश्यक छ।

राजधानी सहरको विकास केवल संरचना निर्माणले मापन हुँदैन, त्यसले नागरिकलाई कति सुरक्षित, सहज र सम्मानजनक जीवन दिन सक्छ भन्ने आधारमा मूल्यांकन गरिन्छ। वीरेन्द्रनगर उपमहानगरपालिकामा रूपान्तरणको चरणमा पुगेको छ। जनसंख्या, पूर्वाधार र आर्थिक गतिविधिका आधारमा यसले आवश्यक मापदण्ड पूरा गरेको दाबी गरिएको छ। तर, उपमहानगर बन्नु मात्रै प्रशासनिक पदोन्नति होइन, अझ ठूलो जिम्मेवारी पनि हो। यदि व्यवस्थापन कमजोर रह्यो भने तीव्र शहरीकरणले भविष्यमा थप समस्या निम्त्याउन सक्छ। पाँच दशकको यात्राले वीरेन्द्रनगरलाई यहाँसम्म ल्याएको छ। अबको चुनौती भनेको योजनाबद्ध, दिगो र नागरिकमैत्री सहर निर्माण गर्नु हो। औलोको गुल्जारबाट उठेको यो सहर अब अव्यवस्थित विस्तारको भीडमा हराउने नभई, सुशासन, पूर्वाधार र समावेशी विकासको उदाहरण बन्न सक्नुपर्छ। यही नै ५० औँ बार्षिकोत्सवको सबैभन्दा ठूलो सन्देश हुनुपर्छ।

# राज्यले किन लगाउँछ 'पाप–कर', नेपालमा के छ ?



रूप खड्का

सुर्तीजन्य वस्तु, मदिरा तथा चिनीयुक्त पेय पदार्थमा लाग्ने अन्तःशुल्कलाई 'सिन-ट्र्याक्स' (पाप-कर) भनिन्छ। यस्तो कर स्वास्थ्यका लागि हानिकारक वस्तुको उपभोग निरूत्साहित गर्न र राजस्व संकलन गरी सार्वजनिक स्वास्थ्य सुधारका कार्यक्रमलाई आर्थिक रूपमा पोषण गर्न लगाइन्छ।

स्मरण रहोस्, सुर्तीजन्य पदार्थको उपभोगले फोक्सोको क्यान्सर, दीर्घ श्वासप्रश्वास रोग र हृदय रोग जन्माउँछ। मदिरा सेवनले कलेजो रोग, सडक दुर्घटना, घरेलु हिंसा र मानसिक स्वास्थ्यको समस्या सिर्जना गर्छ। त्यस्तै, चिनीयुक्त पेय पदार्थको प्रयोगले मोटोपन, मधुमेह, उच्च रक्तचाप र स्ट्रोक जस्ता रोग बढाउँछ।

यी वस्तुको बढ्दो उपभोगले गैर-संक्रामक रोगहरू फैलिँदै गएका छन्, जसले सामाजिक समस्या चर्काउनुका साथै सार्वजनिक तथा निजी क्षेत्रको स्वास्थ्य सम्बन्धी खर्च उल्लेखनीय रूपमा वृद्धि गरेको छ।

हाल विश्वभरका सरकार बढ्दो स्वास्थ्य खर्च र जीवनशैली सम्बन्धी रोगहरूको वृद्धिसँग जुधिरहेका बेला सिन-ट्र्याक्स एक प्रभावकारी नीतिगत उपकरणका रूपमा उभिएको छ। यो करलाई राजस्व संकलनको स्रोतका रूपमा मात्र नभई हानिकारक उपभोग घटाउने महत्त्वपूर्ण अस्त्रका रूपमा पनि लिइन्छ।

### नेपालमा सिन–ट्र्याक्सको प्रयोग

नेपालमा सिन-ट्र्याक्सको प्रयोग लामो समयदेखि हुँदै आएको छ। विसं १९१० सालमा लागू भएको मुलुकी ऐनमा ठेक्का दिई अन्तःशुल्क राजस्व संकलन गर्ने कानुनी व्यवस्था भएको थियो। त्यसैताका स्थापना भएको रकम बन्दोबस्त अड्डाले मदभट्टी, गाँजा, अफिम, चरेस लगायतका वस्तुमा अन्तःशुल्क लगाउने गरेको थियो।

राणा शासन कालमा अधिकतम राजस्व संकलन गर्ने हेतुले अन्तःशुल्क ठेक्का प्रणालीमार्फत संकलन गरिन्थ्यो। यस अन्तर्गत कुनै क्षेत्रका लागि मदिरा उत्पादन गर्ने ठेक्का सम्बन्धी बोलपत्र आह्वान गरेर सामान्यतया सबभन्दा बढी ठेक्का रकम कबुल गर्ने व्यक्तिलाई ठेक्का दिई तोकिएको क्षेत्रमा मदिरा उत्पादन गर्ने एकाधिकार दिइन्थ्यो। ठेकेदारले ठेक्का रकम जति नै अन्तःशुल्क बुझाउनुपर्थ्यो।

सुरूमा ठुल्ठूला भौगोलिक क्षेत्रका लागि सीमित व्यक्तिलाई मदिरा उत्पादन गर्ने एकाधिकार दिई तिनीहरूबाट अन्तःशुल्क उठाइन्थ्यो। आव २०२७/२८ देखि कटकेन्दारी ठेक्काको व्यवस्था लागू गरिएको थियो। यस अनुसार स-साना इलाकाका लागि ठेक्का दिई ठेकेदार मार्फत अन्तःशुल्क उठाउने गरिन्थ्यो।

उक्त व्यवस्थाबाट सानातिना व्यापारीले पनि व्यवसाय गर्न सक्ने अवसर पाएका थिए भने राजस्व पनि वृद्धि भएको थियो।

यसरी मदभट्टी ठेक्काअन्तर्गत उत्पादन गरिएको मदिरा तोकिएको क्षेत्रबाहेक अन्यत्र बिक्री गर्न पाइँदैन थियो।

मदभट्टी ठेक्का प्रथाअन्तर्गत उत्पादित मदिरामा वास्तविक उत्पादनका आधारमा अन्तःशुल्क नलगाई ठेक्का अंकका अध्धारमा लगाइने हुँदा यो प्रथा सैद्धान्तिक दृष्टिले न्यायसंगत थिएन।

अर्कातिर, यस्तो मदिराको क्षमता तथा गुणस्तरबारे अन्तःशुल्क अधिकारीको सामान्य दृष्टिसम्म नपुग्ने हुनाले यसबाट उपभोक्ताको स्वास्थ्यमा निकै प्रतिकूल असर पर्ने सम्भावना थियो।

त्यसैले सरकारले मदभट्टी प्रथा अन्त्य गरी डिस्टिलरी उद्योगलाई प्रोत्साहन दिने नीति लिएको थियो र डिस्टिलरी प्लान्ट स्थापना भएको ठाउँमा सकेसम्म मदभट्टी ठेक्का नदिने व्यवस्था गरेको थियो।

डिस्टिलरी प्रथा विकास गर्ने क्रममा २०३२ सालदेखि न्यूनतम ग्यारेन्टी प्रथाअन्तर्गत डिस्टिलरीहरू सञ्चालन गर्ने परिपाटी सुरू भयो। यस व्यवस्था अनुसार सुरूमा कुनै तोकिएको क्षेत्रमा मदिरा उत्पादन गर्न बोलपत्र आह्वान भएपछि सबभन्दा बढी ठेक्का रकम कबुल गर्ने व्यक्तिलाई मदिरा उत्पादन गर्ने इजाजत दिइन्थ्यो।

त्यसपछि इजाजत पाउने व्यक्तिले राम्रोसँग डिस्टिलरी चलाएसम्म निजलाई नै मदिरा उत्पादन गर्ने अधिकार दिइन्थ्यो भने सरकार र सम्बन्धित इजाजत पाउने व्यक्तिको सहमतिद्वारा प्रत्येक वर्ष इजाजतपत्र नवीकरण गर्दा ठेक्का सम्बन्धी सर्तमा केही परिवर्तन र न्यूनतम ग्यारेन्टी रकम बढाउन सकिने व्यवस्था थियो।

न्यूनतम ग्यारेन्टी प्रथाअन्तर्गत सञ्चालित डिस्टिलरीहरूले एक आर्थिक वर्षका लागि तोकिएको न्यूनतम ग्यारेन्टी रकम सरह अन्तःशुल्क बुझाउनुपर्थ्यो।

सुरूमा मदिरा डिस्टिलरीबाट निकासा गरेको सात दिनभित्र तोकिएको अन्तःशुल्कको दरले हुने रकम बुझाउनुपर्थ्यो भने निकासाका आधारमा अन्तःशुल्क रकम बुझाउँदै जाँदा आर्थिक वर्षको अन्तमा यसरी बुझाएको रकम न्यूनतम ग्यारेन्टी रकमभन्दा कम भए, कम भएजति रकम आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र डिस्टिलरीको मालिकले घर-घरानाबाट बुझाउनुपर्थ्यो।

तर निकासाका आधारमा तिरेको अन्तःशुल्क रकम न्यूनतम ग्यारेन्टी रकमभन्दा बढी भए, बढी भएजति रकम डिस्टिलरी मालिकले फिर्ता नपाउने व्यवस्था थियो।

न्यूनतम ग्यारेन्टी प्रथाअन्तर्गत सञ्चालित मदिराको स्तर र शक्ति नियन्त्रण गर्न तथा उत्पादन र निकासा सम्बन्धी हिसाबकिताब राख्न डिस्टिलरीमा अन्तःशुल्क कार्यालयको कर्मचारी खटाइन्थ्यो। माग फारम भरेर भात्र फ्याक्टरीबाट मदिरा निकास गरिन्थ्यो। यस्तो मदिरा तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा आपूर्ति गर्न पाइँदैन थियो।

राण शासन कालमा गाँजा, अफिम, चरेसमा लाग्ने अन्तःशुल्कलाई कृषि रकम भनिन्थ्यो। यी वस्तुको उत्पादन तराईका केही जिल्लामा आधुनिक तरिकाबाट खेतीका रूपमा हुने गर्थ्यो र त्यसबाट ठेकेदार मार्फत अन्तःशुल्क संकलन गरिन्थ्यो।

२००६ सालमा तराई क्षेत्रमा गाँजा, अफिम, चरेस आदिको ठेक्का प्रथा अन्त गरी इजाजत प्रथा लागू गरिएको थियो। यस अनुसार यी वस्तुहरू उत्पादन गरिने जमिनको क्षेत्रफलका आधारमा अन्तःशुल्क लगाइने भयो।

पहाडी क्षेत्रमा भने कृषि रकम ठेक्काद्वारा संकलन गरिने प्रथा आव २०२९/३० सम्म कायम रह्यो।

यस क्षेत्रमा गाँजा अफिमको उत्पादन प्राकृतिक रूपमा हुने गर्थ्यो। त्यहाँ स्थानीय मानिसहरू चरेस, गाँजा स-सानो मात्रामा तयार गर्थे। तिनीहरूबाट स्थानीय व्यापारीहरूले खरिद गरेर गाँजा, चरेस एकत्रित गर्थे। र, ती व्यापारीबाट तराईतिरबाट ठूला व्यापारी गई एकमुष्ट रूपमा खरिद गर्थे।

यी ठूला व्यापारीहरूले पहाडतिरबाट खरिद गरी ल्याएको गाँजा, चरेसमा ठेकेदारले तराईका नाका-नाकामा बसेर अन्तःशुल्क असुल गर्ने प्रचलन थियो। अन्तःशुल्कको कुनै दरबन्दी हुँदैन थियो। ठेक्का रकमका आधारमा ठेकेदारले आफ्नै हिसाबले रकम उठाउँथे।

अन्तमा आव २०३०/३१ मा सरकारले गाँजा, अफिम, चरेसको उत्पादन तथा कारोबारमा प्रतिबन्ध लगाएपछि कृषिजन्य वस्तुबाट असुल हुने अन्तःशुल्कको स्रोत बन्द भएको थियो।

२०१५ सालमा अन्तःशुल्क ऐन लागू गरिएपछि मदिरा, चुरोट, बिडी तथा चिनीजस्ता औद्योगिक उत्पादनमा अन्तःशुल्कलाई सिन-ट्र्याक्सका रूपमा लगाउन सुरू गरियो र त्यसपछि यो करको दायरा विस्तार हुँदै गयो।

### सिन–ट्र्याक्सको वर्तमान अवस्था

हाल नेपालमा सुर्तीजन्य पदार्थ, मदिरा, चिनी र चिनीयुक्त पेय पदार्थमा सिन-ट्र्याक्स खासगरी निर्दिष्ट दरले लाग्ने गरेको छ।

यसको अर्थ यी वस्तुहरूमा सिन-ट्र्याक्सको दर मूल्यको आधारमा नभई वस्तुको परिमाणका आधारमा तोकिएको छ।

उदाहरणका लागि, सिन-ट्र्याक्सको दर चिनी र चिनीबाट बनेको कम्फेक्सनरीमा प्रतिक्विन्टल र चिनी वा अन्य गुलियो पार्ने पदार्थ हालेको वा स्वादिष्ट बनाएको अल्कोहलरहित पेय पदार्थमा प्रतिलिटरका हिसाबले तोकिएको छ।

त्यस्तै, सिन-ट्र्याक्स बियर, वाइन, ह्विस्की, रम आदिमा प्रतिलिटर र चुरोटमा खिल्लीका हिसाबले निर्दिष्ट दर नै लाग्ने व्यवस्था छ। हाल सख्खरमा प्रतिक्विन्टल १३८ रूपैयाँ र खुदोमा प्रतिक्विन्टल ११० रूपैयाँले सिन-ट्र्याक्स लागेको छ।

सिन-ट्र्याक्सको दर केही सीमित वस्तुमा मात्र मूल्यगत आधारमा तोकिएको छ। यस्तो दर सिन-ट्र्याक्स लाग्ने वस्तुको मूल्यको प्रतिशतका हिसाबले तोकिन्छ। उदाहरणका लागि, सिन-ट्र्याक्सको दर पाइप टोबाकोमा मूल्यको ८० प्रतिशत, प्रशोधित सुर्तीमा मूल्यको ६० प्रतिशत र चुइगममा मूल्यको १५ प्रतिशत कायम गरिएको छ।

### सिन–ट्र्याक्स सुधारको आवश्यकता र सम्भावना

नेपालमा सुर्तीजन्य पदार्थ, मदिरा र चिनीयुक्त पेय पदार्थको बढ्दो उपभोगले गैर-सञ्चारी रोगहरूको भार उल्लेखनीय रूपमा बढाइरहेको छ।

हानिकारक वस्तुहरूको बढ्दो उपभोगले स्वास्थ्य प्रणालीमा निरन्तर दबाब सिर्जना गरिरहेको छ। यस अवस्थाले सिन-ट्र्याक्सलाई हानिकारक उपभोग निरूत्साहित गर्ने नियामक उपकरण र सार्वजनिक स्वास्थ्य हस्तक्षेपका लागि राजस्व संकलन गर्ने वित्तीय साधन दुवै रूपमा प्रयोग गर्ने आवश्यकतालाई अझ बलियो बनाएको छ।

सिन-ट्र्याक्सको मुख्य उद्देश्य उपभोग घटाउनु, स्वास्थ्य जोखिम कम गर्नु र सरकारी राजस्व संकलन गर्नु हो। यो करलाई अन्तर र्राष्ट्रिय जगतमा गैर-सञ्चारी रोगहरूको भार घटाउने महत्त्वपूर्ण सार्वजनिक स्वास्थ्य हस्तक्षेपका रूपमा व्यापक रूपमा मान्यता दिइएको छ। नेपालमा गैर-सञ्चारी रोगहरूको बढ्दो प्रचलनलाई ध्यानमा राख्दै सिन-ट्र्याक्स नीतिलाई सुदृढ बनाउनु सार्वजनिक स्वास्थ्य प्राथमिकता बनेको छ।

हाल सुर्तीजन्य वस्तु, मदिरा र चिनीयुक्त पेय पदार्थमा अन्तःशुल्क, भन्सार महसुल र मूल्य अभिवृद्धि कर लागू गरिएको भए पनि ती वस्तुको उपभोग निरूत्साहित गर्न सिन-ट्र्याक्सका रूपमा लागू गरिएको अन्तःशुल्क मात्र सबभन्दा बढी प्रभावकारी कर मानिन्छ।

मूल्य अभिवृद्धि करको सिद्धान्त र अन्तर र्राष्ट्रिय असल अभ्यास अनुसार यो कर सबै वस्तु तथा सेवामा समान रूपमा लागू हुने भएकाले यसले स्वास्थ्यका लागि हानिकारक वस्तुलाई लक्ष्य गर्न सक्दैन।

त्यस्तै, भन्सार महसुल आयातीत वस्तुमा मात्र सीमित हुने र मुख्य रूपमा स्वदेशी शिशु उद्योगको संरक्षण र राजस्व संकलनका साथै व्यापार नियमन गर्न प्रयोग हुने भएकाले सार्वजनिक स्वास्थ्य उद्देश्यका लागि प्रभावकारी हुँदैन। यस विपरीत अन्तःशुल्कले स्वास्थ्यका लागि हानिकारक वस्तुको प्रत्यक्ष रूपमा खुद्रा मूल्य वृद्धि गर्छ, जसले विशेष गरी युवा तथा न्यून आय समूहका लागि यी वस्तुलाई कम पहुँचयोग्य बनाउँछ र स्थिर सरकारी राजस्व सुनिश्चित गर्छ।

यति ठूलो सम्भावना हुँदाहुँदै नेपालमा सिन-ट्र्याक्स प्रणाली कम दर, नीतिगत असंगति, कमजोर कार्यान्वयन र उद्योगको निरन्तर दबाबका कारण पूर्ण रूपमा प्रभावकारी हुन सकेको छैन।

कुल मृत्युको ७० प्रतिशतभन्दा बढी हिस्सा गैरसञ्चारी रोगहरूले ओगटिरहेको अवस्थामा विज्ञहरूले सिन-ट्र्याक्समा तत्काल सुधारको आवश्यकता औंल्याएका छन्। सार्वजनिक स्वास्थ्य विज्ञहरूका अनुसार प्रभावकारी रूपमा डिजाइन गरिएको सिन-ट्र्याक्सले उच्च मूल्यका माध्यमबाट हानिकारक उपभोग घटाउने र स्वास्थ्य सेवा, रोकथाम कार्यक्रम तथा जनचेतना अभियानका लागि राजस्व संकलन गर्ने दुई परस्परपूरक उद्देश्य हासिल गर्न सक्छ।

बाँकी ३ पेजमा

## विश्व

# मानवीय सहायता प्रस्तावबारे अमेरिका र क्युबाबीच मतभेद

**हवाना, २६ वैशाख ।**

क्युबाले अमेरिकी विदेशमन्त्री मार्को रुबियोले व्यक्त गर्नुभएको मानवीय सहायता प्रस्तावसम्बन्धी दाबीलाई अस्वीकार गरेको छ। क्युबाका विदेशमन्त्री ब्रुनो रोड्रिगेजले अमेरिकाले क्युबालाई १० करोड अमेरिकी डलर बराबरको सहायता प्रस्ताव गरेको भन्ने अभिव्यक्ति तथ्यसँग मेल नखाने बताएका छन्।

हवानाबाट सार्वजनिक गरिएको प्रतिक्रियामा विदेशमन्त्री रोड्रिगेजले सामाजिक सञ्जालमार्फत अमेरिकी भनाइप्रति असहमति जनाउँदै अमेरिकाले आफ्नो नीतिलाई उचित देखाउन यस्ता अभिव्यक्ति दिएको टिप्पणी गरेका छन्। उनले अमेरिकाले क्युबामाथि वर्षौंदेखि लागू गर्दै आएको आर्थिक प्रतिबन्धका कारण देशले गम्भीर आर्थिक तथा मानवीय चुनौती सामना गरिरहेको उल्लेख गरेका छन्।

यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पत्रकारहरूसँग कुरा गर्दै अमेरिकाले क्याथोलिक चर्चसँग सम्बन्धित सहायता संस्थामार्फत क्युबालाई ६० लाख अमेरिकी डलर बराबरको मानवीय सहायता उपलब्ध गराएको बताएका थिए। साथै, अमेरिकाले थप १० करोड डलर सहायता प्रस्ताव गरे पनि क्युबाली सरकारले त्यसलाई वितरण गर्न अस्वीकार गरेको दाबी उनले गरेका थिए। रुबियोको अभिव्यक्तिपछि विदेशमन्त्री रोड्रिगेजले उक्त दाबीबारे प्रश्न उठाउँदै त्यस्तो सहायता वास्तवमै कहाँ र कसरी प्रयोग हुने थियो भन्ने स्पष्ट हुनुपर्ने बताएका छन्। उनले अमेरिकाले सहयोगको विषयलाई राजनीतिक दृष्टिकोणसँग जोडेको संकेत गरेका छन्।

क्युबाली पक्षले अमेरिकाको आर्थिक प्रतिबन्धका कारण देशले अर्बौं डलर बराबरको आर्थिक क्षति व्यहोर्नुपरेको जनाएको छ। विदेशमन्त्री रोड्रिगेजका अनुसार अमेरिकी नीतिका कारण क्युबाले खाद्यान्न, इन्धन, औषधि, प्रविधि तथा अन्य अत्यावश्यक सामग्रीको आपूर्तिमा कठिनाइ भोगिरहेको छ। उनले यसले सर्वसाधारण नागरिकको दैनिक जीवनमा प्रत्यक्ष असर परेको बताएका छन्। क्युबा र अमेरिकाबीच लामो समयदेखि राजनीतिक तथा आर्थिक मतभेद रहँदै आएका छन्। व्यापार प्रतिबन्ध, वित्तीय नियन्त्रण तथा कूटनीतिक असहमतिका कारण दुई देशबीचको सम्बन्ध समय-समयमा तनावपूर्ण बन्ने गरेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**

एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**

सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**

वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**

दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष**: विशेष भेटघाटले काममा उत्साह बढाउला। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ।

**वृष**: सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ। तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ।

**मिथुन**: आकस्मिक समस्याले दौडधुप गराउन सक्छ। स्वास्थ्य कमजोर रहनाले नयाँ काममा जुट्न नसकिएला। गरी आएको कामलाई भने निरन्तरता दिन सकिनेछ।

**कर्कट**: प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ। सोख पूरा हुनेछ।

**सिंह**: व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

**कन्या**: अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्नेछ।

**तुला**: साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ। अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा लाभ हुनेछ।

**वृश्चिक**: प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुने समय छ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ।

**धनु**: अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ।

**मकर**: रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**कुम्भ**: अवसरका लागि दौडधुप गर्नुपर्ला। अरूका काममा समय खर्चनुपर्दा आफ्ना काम रोकिन सक्छन्। आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ।

**मीन**: मेहनतले आम्दानी बढाउनेछ। सानो प्रयत्न गर्दा महत्त्वपूर्ण काम बन्न सक्छ। श्रमको उच्च मूल्यांकन हुनुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छल।

# बाँकेको नरैनापुरमा छोटी भन्सार सञ्चालनमा आउँदै

**युग संवाददाता**
**नेपालगन्ज, २६ वैशाख ।**

द्वन्द्वकालमा बन्द रहेको बाँकेको छोटी भन्सार नरैनापुर सञ्चानलमा आउने भएको छ । भन्सार विभागका निर्देशक किशोर बर्तौलाले नरैनापुर छोटी भन्सार नेपालगन्ज भन्सार अन्तरगत रहेर सञ्चालनमा आउने जानकारी दिँदै भौतिक पूर्वाधारको निर्माण र कर्मचारीको व्यवस्थान गरिने बताए ।

"यो छोटी भन्सार अस्थायी पैठारी र घरायसी सामान ल्याउनका लागि मात्रै हो उनले भने । भन्सार नियमावली २०८३ मा बाँकेको नरैनापुरमा पनि छोटी भन्सार स्थापना हुने उल्लेख भएपछि यस क्षेत्रका स्थानीय व्यवसायी तथा ब्यापारी खुशी देखिएका छन् ।

सात वटा छोटी भन्सार रहेको बाँकेमा अन्य बन्द भएपनि जिल्लाको नरैनापुरमा मात्रै छोटी भन्सार स्थापनाका लागि तयारी गरिएको भन्सार कार्यालय नेपालगन्जका प्रमुख जर्नादन पौडेलले जानकारी दिए । "यहाँ रहेका सात वटा छोटी भन्सारमध्ये नरैनापुरको मात्रै परेको छ, यो पनि भन्सार नियमावलीको अनूसुचीमा नाम उल्लेख भएको मात्र हो," उनले भने ।

छोटी भन्सारबाट समान दुरुपयोगको जोखिम हुने उल्लेख गर्दै उहाँले मूल भन्सारबाट समान नल्याएर छोटी भन्सार लैजाने प्रचलन रहेको व्यवसायीलाई आरोप लगाए । नरैनापुरबाट धेरै समान त आउदैन आलु, प्याज र केही पशु आउन सक्छन पौडेलको भनाई छ । उनले नरैनापुरमा छोटी भन्सार सञ्चालनमा आउने निश्चित भए लगत्तै एकसातामा नै सञ्चालनमा आउने जानकारी दिए ।

उद्योग बाणिज्य सङ्घ, नेपालगन्जका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी ओलीले छोटी भन्सार स्थापन हुनु व्यवसायीका लागि खुशीको कुरा भएको उल्लेख गर्दै मुख्य भन्सारबाट आउने सामान छोटी भन्सारबाट नआउने तर्क गरे ।

उनले राजश्व सङ्कलनसँगै तस्करी नियन्त्रणमा सघाउ पुग्ने भएकाले वैधानिक व्यवसाय र ब्यापार गर्नेका लागि सुखद्स्थिती भएको बताए । आइसिपीबाट आउने कन्टेनरसहितका समान छोटी भन्सारबाट नआउने ओलीको भनाई छ । सङ्घका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले नरैनापुर छोटी भन्सार अहिलेको अवस्थामा स्थापना भए डिजिटल प्रणालीमा सञ्चालन हुनुपर्नेमा जोड दिँदै त्यसले जमुहनाह नाकाको भीड घटने विश्वास व्यक्त गरे ।

उनले छोटी भन्सारबाट राज्यले नाफा लिन सक्ने अवस्था हुनुपर्ने उल्लेख गर्दै नरैनापुर छेटी भन्सार पारदर्शी रूपमा सञ्चालनमा आउनुपर्ने बताए । चोरी, निकासी बन्द हुनुपर्छ र आसपासका स्थानीयले यसको फाइदा लिनुपर्छ श्रेष्ठको भनाई छ । सङ्घका पूर्वअध्यक्ष नन्दलाल वैश्यले नेपालगन्जका व्यवसायीका लागि राम्रो अवसर भएको उल्लेख गर्दै अवैध ब्यापार निरुत्साहित हुने बताए । तत्कालीन द्वन्द्वकालमा यहाँ सञ्चालनमा रहेका सात छोटी भन्सार असुरक्षाका कारण बन्द भएका थिए ।

# जानकीको कन्या विद्यालयले बदल्दै समाजको सोच



**सरला सुवेदी**
**बाँके, २६ वैशाख ।**

बाँकेको मा केही वर्षअघिसम्म छोरीलाई विद्यालय पठाउने कल्पना नै दुर्लभ मानिन्थ्यो । विशेषगरी मधेशी र मुस्लिम समुदायमा छोरीको जीवन घरभित्र सीमित हुने, सानै उमेरमा विवाह गरिदिने र शिक्षालाई प्राथमिकतामा नराख्ने सामाजिक सोच गहिरोसँग जरा गाडेर बसेको थियो ।

तर अहिले त्यही समाज परिवर्तनको नयाँ कथाले उज्यालिँदै छ । स्थानीय तह स्थापना भएपछि शिक्षा र चेतनाको लहर गाउँगाउँमा फैलिन थाल्यो । "छोरी पनि पढ्नुपर्छ" भन्ने सोच विस्तारै बलियो बन्दै गयो । यही सोचलाई व्यवहारमा उतार्दै गाउँपालिकाले छात्रा मात्र अध्ययन गर्ने कन्या विद्यालय स्थापना गरेर सामाजिक परिवर्तनको ऐतिहासिक अभियान सुरु गऱ्यो ।

गाउँपालिका अध्यक्ष , प्रवक्ता तथा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत को पहलमा २०७९ भदौ २६ गते जानकी-३ मानपुरमा कन्या विद्यालय स्थापना गरिएको थियो । यो केवल एउटा विद्यालय स्थापना गर्ने निर्णय थिएन, बरु समाजको सोच परिवर्तन गर्ने अभियानको सुरुआत थियो ।

अध्यक्ष खाँले कन्या विद्यालयप्रति अभिभावक र छात्राहरूको बढ्दो आकर्षणले आफूहरूलाई अझ जिम्मेवार बनाएको बताए । उनले विद्यालयलाई गुणस्तरीय, प्रविधिमैत्री र सीपमूलक शिक्षाको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको उल्लेख गरे ।

"स्थानीय तहले सुरुआत गऱ्यो, तर यसलाई दिगो र प्रभावकारी बनाउन संघीय र प्रदेश सरकारको साथ अपरिहार्य छ," अध्यक्ष खाँले भने, "कन्या विद्यालयमा गरिएको लगानीले दीर्घकालमा समाज र देशकै भविष्य निर्माण गर्छ ।" उनका अनुसार छोरीको हातमा किताब पुगेपछि मात्रै समाजको वास्तविक परिवर्तन सम्भव हुन्छ । "हामीले सुरु गरेको यो अभियान अब रोकिने छैन, अझ विस्तार हुँदै जानेछ," उनले जोड दिए ।

शिक्षा शाखाकी सहायक अधिकृत का अनुसार अभिभावकहरू छोरीलाई पढाउन चाहन्थे, तर उनीहरू सुरक्षित र छुट्टै वातावरणको खोजीमा थिए । कन्या विद्यालयले त्यो आवश्यकता पूरा गरिदिएको उनको भनाइ छ ।

### डरबाट विश्वाससम्म

पहिला छोरीलाई छोरासँगै विद्यालय पठाउँदा बिग्रिन्छन् भन्ने धारणा समाजमा गहिरो थियो । तर अहिले अवस्था फेरिएको छ । कन्या विद्यालयमा छात्रा मात्र अध्ययन गर्ने र शिक्षिका मात्र रहने व्यवस्था भएपछि अभिभावकहरू ढुक्क भएका छन् ।

स्थानीय भन्छन्, "पहिला छोरीलाई विद्यालय पठाउन डर लाग्थ्यो, अहिले भने हामी आफैँले पढ्न प्रेरित गरिरहेका छौँ ।" सुरुआती चरणमा २५० छात्राबाट सुरु भएको विद्यालयमा अहिले ५०० भन्दा बढी छात्रा अध्ययनरत छन् । विद्यालयलाई २०८३ सालदेखि माध्यमिक तहसम्म स्तरोन्नति गरिएपछि भर्नाका लागि दैनिकजसो अभिभावकको चाप बढ्न थालेको छ ।

### छोरी शिक्षासँगै सोचको पुनर्जन्म

शिक्षा शाखा प्रमुख का अनुसार यो विद्यालय "छोरीले पनि छोरा सरह शिक्षा पाउनुपर्छ" भन्ने सोच स्थापित गर्नका लागि खोलिएको हो । विद्यालय स्थापना भएपछि छात्राको संख्या मात्र बढेको छैन, समाजको दृष्टिकोणमा समेत व्यापक परिवर्तन आएको छ । आज जानकी गाउँपालिकामा छोरीलाई पढाउनु अभिभावकका लागि गर्वको विषय बन्न थालेको छ । विद्यालयकी प्रधानाध्यापक भन्नुहुन्छ, "छात्राहरू यहाँ डर र त्रासबिना पढिरहेका छन् । उनीहरूको आत्मविश्वास नै हाम्रो सबैभन्दा ठूलो उपलब्धि हो ।"

### शिक्षामा गुणस्तर र प्रतिस्पर्धा

कन्या विद्यालय स्थापना भएपछि गाउँपालिकाभित्रका अन्य विद्यालयहरूमा पनि शैक्षिक प्रतिस्पर्धा बढेको छ । महिला नेतृत्वमा सञ्चालन भइरहेको यस विद्यालयले अनुशासन, शान्त वातावरण र गुणस्तरीय शिक्षाको उदाहरण प्रस्तुत गरिरहेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत का अनुसार अब टाढाका छात्रालाई समेत विद्यालय पहुँचमा ल्याउन थप बस सेवा सञ्चालन गर्ने योजना बनाइएको छ ।

### अबको चुनौतीः सीप, गुणस्तर र रोजगारी

वरिष्ठ लेखा अधिकृत का अनुसार शिक्षा केवल अक्षर चिन्ने माध्यम मात्र नभई जीवन निर्माणको आधार पनि हो । उनले अब शिक्षा प्रणालीलाई रोजगारीसँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै डिजिटल साक्षरता, उद्यमशीलता, कृषि र पर्यटनजस्ता सीप विद्यालयमै सिकाउनुपर्ने बताए ।

उनका अनुसार कन्या विद्यालयले सीपमूलक कार्यक्रम सञ्चालन गर्न सके छात्राहरूको आकर्षण अझ बढ्ने र उनीहरू आत्मनिर्भर बन्ने बाटो खुल्नेछ । प्रवक्ता टिकानाथ यादवले कन्या विद्यालय खोल्ने निर्णय गर्दा सुरुमा धेरैले शङ्का गरेको स्मरण गरे । "छोरीहरू आउँछन् त ? अभिभावकले पठाउँछन् त ? भन्ने प्रश्न उठेका थिए," उनले भने, "तर आज त्यही विद्यालयमा भर्नाका लागि लाइन लागिरहेको छ ।"

उनका अनुसार यो केवल विद्यालय नभई सोच परिवर्तनको आन्दोलन हो । "हिजो छोरीलाई घरभित्र सीमित राख्ने समाज आज उनीहरूको भविष्य निर्माणमा अगाडि बढिरहेको छ," उनले भने ।

### राज्यको लगानी आवश्यक

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ले विद्यालयलाई शैक्षिक हबका रूपमा विकास गर्ने लक्ष्य रहेको बताउँदै त्यसका लागि पर्याप्त बजेट र पूर्वाधार आवश्यक रहेको उल्लेख गरे । स्थानीय प्रयासबाट सुरु भएको यो अभियानलाई अब प्रदेश र संघीय सरकारको साथ आवश्यक देखिएको छ । यदि यस्ता कन्या विद्यालयलाई प्रविधिमैत्री, सीपमूलक र गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा विकास गर्न सकियो भने यसले देशभर छोरी शिक्षामा ठूलो परिवर्तन ल्याउन सक्ने विश्वास गरिएको छ ।

जानकी गाउँपालिकाको कन्या विद्यालय आज केवल एउटा शैक्षिक संस्था मात्र होइन, सामाजिक क्रान्तिको प्रतीक बनेको छ । जहाँ कहिल्यै छोरीलाई घरबाहिर निस्कन नदिने सोच थियो, त्यही समाज आज छोरीको भविष्य निर्माणमा अग्रसर देखिएको छ । जानकीको यो उदाहरणले अवसर पाए छोरीहरूले समाज परिवर्तन गर्न सक्छन् भन्ने सन्देश देशभर फैलाइरहेको छ ।

## राज्यले...

नेपालमा भने सिन-ट्याक्सको दर बढाउदा न्यून आय भएका घरपरिवारले कर लाग्ने वस्तुमा आम्दानीको ठूलो हिस्सा खर्च गर्ने भएकाले उनीहरूमा असमान भार पर्न सक्ने, कर वृद्धि हुँदा तस्करी र अनियन्त्रित बजार विस्तार हुने सम्भावना रहने, सम्बन्धित उद्योगहरूले कर वृद्धिविरूद्ध बलियो दबाब सिर्जना गर्ने र मूल्य बढेपछि उपभोक्ताहरू सस्तो वा अनियन्त्रित विकल्पतर्फ जान सक्ने जस्ता चुनौती अगाडि सारिने गरेकाले यो कर प्रणाली अझै पर्याप्त रूपमा लक्षित र प्रभावकारी हुन सकेको छैन ।

वास्तवमा हाम्रो सिन-ट्याक्सको वर्तमान संरचनाले सुर्तीजन्य वस्तु, मदिरा र चिनीयुक्त पेय पदार्थको वास्तविक सामाजिक र स्वास्थ्य लागत पूर्ण रूपमा प्रतिबिम्बित गर्न सकेको छैन, जसले व्यापक सुधारको आवश्यकता देखाउँछ ।

सिन-ट्याक्सको प्रभावकारिता यसको संरचना र कार्यान्वयन दुवैमा निर्भर गर्छ । संरचना सुधारअन्तर्गत सुर्तीजन्य वस्तुमा कर उल्लेखनीय रूपमा वृद्धि गर्ने, मदिरा करलाई अल्कोहलको मात्रा र स्वास्थ्य जोखिमका आधारमा पुनर्संरचना गर्ने तथा चिनीयुक्त पेय पदार्थमा कर लागू वा सुदृढ गर्ने जस्ता उपाय पर्छन् ।

सुर्तीजन्य वस्तु, मदिरा र चिनीयुक्त पेय पदार्थमा करको भार दक्षिण एसियाली मुलुकहरूका साथै विश्वका विभिन्न देशको तुलनामा नेपालमा कम भएको अनुमान छ । नेपाल विकास अनुसन्धान प्रतिष्ठानको एक अध्ययन अनुसार नेपालमा वस्तुगत करको भार खुद्रा मूल्यको ४१ प्रतिशत जति छ भने बंगलादेशमा ७३ प्रतिशत, श्रीलंकामा ६८ प्रतिशत, माल्दिभ्समा ६५ प्रतिशत, पाकिस्तानमा ६१ प्रतिशत र भारतमा ५८ प्रतिशत छ ।

अर्कातर्फ, संयुक्त अधिराज्य र फिनल्यान्डमा चुरोटमा करको भार खुद्रा मूल्यको ९० प्रतिशतभन्दा बढी छ भने विश्व स्वास्थ्य संगठनले चुरोटमा करको भार खुद्रा मूल्यको ७५ प्रतिशतभन्दा बढी हुनुपर्ने मापदण्ड तोकेको छ ।

सुर्तीजन्य वस्तुको उपभोगबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरभन्दा बाहिर पनि सुर्तीजन्य पदार्थले स्वास्थ्य सेवा खर्चमा गर्ने वृद्धि (हाल नेपालले सुर्तीजन्य वस्तुको प्रयोगका कारण वार्षिक रूपमा अनुमानित ४८ अर्ब रूपैयाँ बराबरको स्वास्थ्य खर्च व्यहोर्नुपरेको छ), उत्पादनशीलतामा ल्याउने कमी, प्रदूषण तथा फोहोर व्यवस्थापनमार्फत ठूलो आर्थिक र वातावरणीय क्षति पुऱ्याउँछ ।

नेपालको समग्र करको भार आफ्नो क्षेत्रीय औसत, आय समूहको औसत तथा विश्वव्यापी औसतभन्दा कम रहेको तथ्यले सुर्तीजन्य वस्तु लगायतका विभिन्न वस्तुमा कर वृद्धि गर्ने पर्याप्त सम्भावना रहेको संकेत गर्छ ।

सिन-ट्याक्सका निर्दिष्ट दरहरूलाई मुद्रास्फीति र आय वृद्धिअनुसार नियमित रूपमा समायोजन गरिनुपर्छ । यसको विकल्पका रूपमा निर्दिष्ट वा मूल्यगतमध्ये जुन दर बढी हुन्छ, त्यो लागु गर्ने वा निर्दिष्ट र मूल्यगत दुवै दर लागू गर्नेतर्फ पनि विचार गरिनुपर्छ । युरोपेली संघका सदस्य देशहरूले मदिरा, सुर्तीजन्य वस्तु तथा ऊर्जा उत्पादनहरूमा निर्दिष्ट र मूल्यगत दुवै दर लगाउने गरेका छन् । उदाहरणका लागि, प्रति एक हजार खिल्ली चुरोटमा सिन-ट्याक्सको दर ९० युरो र खुद्रा मूल्यको ६० प्रतिशत तोकिएको छ ।

राम्रोसँग तर्जुमा गरिएको सिन-ट्याक्स नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनुपर्छ र अवैध व्यापार नियन्त्रणका लागि अनुगमन र कार्यान्वयन सुदृढ गरिनुपर्छ । सिन-ट्याक्स प्रणालीलाई पूर्ण रूपमा स्वचालित गर्न ट्रेस एन्ड ट्र्याक प्रणाली लागू गर्नुपर्छ ।

यसैगरी जनचेतना अभिवृद्धि कार्यक्रम लागू गरी कर राजस्वलाई स्वास्थ्य प्रवर्द्धन तथा रोग रोकथाममा लक्षित रूपमा प्रयोग गर्ने नीतिसँग जोडिनु आवश्यक छ ।

उचित रूपमा तर्जुमा र प्रभावकारी रूपमा लागू गरिएको सिन-ट्याक्सले सार्वजनिक स्वास्थ्य सुधार गर्नुका साथै सरकारी राजस्व वृद्धि गरी 'दोहोरो लाभ' प्रदान गर्न सक्छ । सिन-ट्याक्स अर्थशास्त्र र सार्वजनिक स्वास्थ्यको संगममा रहेको नीति हो । यसले राजस्वमा योगदान पुऱ्याउने भए पनि यसको मुख्य महत्त्व रोग रोकथाम र जीवन रक्षा गर्ने क्षमतामा निहित हुनुपर्छ ।

नीति निर्माताहरूका लागि मुख्य चुनौती राजस्व र सार्वजनिक स्वास्थ्यबीच छनोट गर्नु होइन, बरू दुवै उद्देश्य हासिल गर्ने सन्तुलित नीति ढाँचा निर्माण गर्नु हो । नेपालको सन्दर्भमा, जीवनशैलीजन्य रोगहरूको बढ्दो भारलाई सम्बोधन गर्न सिन-ट्याक्स नीतिलाई सुदृढ बनाउनु अत्यन्त आवश्यक छ ।

### निष्कर्ष

नेपालमा सुर्तीजन्य वस्तु, मदिरा, चिनीयुक्त पदार्थहरूमा लागू गरिएको सिन-ट्याक्सको विकासले यो नीति प्रारम्भमा मुख्यतः राजस्व संकलनमा केन्द्रित भए पनि समयसँगै नियमन र सार्वजनिक स्वास्थ्यसँग बढी जोडिन थालेको छ ।

यद्यपि गुणस्तर सुनिश्चितता र उपभोग नियन्त्रणमा अझै पनि महत्त्वपूर्ण चुनौतीहरू कायम छन् ।

सुर्तीजन्य वस्तु, मदिरा र चिनीयुक्त पदार्थहरू सरकारको प्रमुख राजस्व स्रोतमध्ये एक भए पनि तिनको व्यापक प्रयोगले गम्भीर सार्वजनिक स्वास्थ्य जोखिम उत्पन्न गरिरहेको छ । यसले कर नीतिलाई अझ स्पष्ट रूपमा स्वास्थ्य-केन्द्रित बनाउने आवश्यकता उजागर गर्छ र गैर-संक्रामक रोगहरूको तीव्र वृद्धि भएकाले विद्यमान कर दर र संरचनाको गम्भीर पुनरवलोकन आवश्यक देखिन्छ ।

यस सन्दर्भमा, नेपालमा सिन-ट्याक्सलाई केवल राजस्व संकलनको उपकरणका रूपमा होइन, हानिकारक उपभोग घटाउने तथा सार्वजनिक स्वास्थ्य सुधार गर्ने रणनीतिक नीतिगत साधनका रूपमा पुनःपरिभाषित गर्नु आवश्यक छ ।

मुलुकको विकासका लागि आवश्यक राजस्व परिचालन गर्न र देशको स्वास्थ्य अवस्था उल्लेखनीय रूपमा सुधार गर्न आगामी राष्ट्रिय बजेटमा सुर्तीजन्य वस्तु, मदिरा र चिनीयुक्त पदार्थहरूमा सिन-ट्याक्सको दर उल्लेखनीय रूपमा वृद्धि गरिनुपर्छ । यस्ता उपाय अपनाउन असफल भए गैर-संक्रामक रोगहरूको भार झनै बढ्दै गई भूकम्प तथा कोभिड-१९ पछि पहिले नै दबाबमा रहेको स्वास्थ्य प्रणाली थप संकटमा पर्न सक्छ । त्यसैले नीतिगत दिशानिर्देश स्पष्ट छ ।

सिन-ट्याक्सले अल्पकालीन राजस्वभन्दा बढी सार्वजनिक स्वास्थ्य, विशेषगरी फोक्सो, कलेजो र समग्र जनस्वास्थ्यको संरक्षणलाई प्राथमिकता दिनुपर्छ । सिन-ट्याक्स नीति राजस्व संकलनका लागि मात्र नभई स्वास्थ्यका लागि हानिकारक वस्तुको उपभोग घटाउन र दीर्घकालीन स्वास्थ्य परिणामहरू सुधार गर्न पनि तय गरिनुपर्छ ।

# स्थानीय र प्रदेशबीच अन्तरसरकार सम्बन्धबारे छलफल

**युग संवाददाता**
**सुर्खेत, २६ वैशाख ।**

कर्णाली प्रदेश सरकारले यहाँका स्थानीय तह तथा जिल्ला समन्वय समितिका जनप्रतिनिधिहरूसँग अन्तरसरकार सम्बन्धका सवालमा छलफल गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कार्यक्रम सहयोग एकाइद्वारा आज सुर्खेतमा वीरेन्द्रनगरमा आयोजित ' जिसस महासंघ, नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघहरूसँग अन्तरसरकार सम्बन्धका सवालमा समन्वय बैठक'मा छलफल गरिएको हो । उक्त छलफलमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले समान बुझाइका आधारमा अगाडि बढ्ने प्रयास, चासो, सहयोगका लागि समन्वय तथा सहकार्य गर्ने उद्देश्य राखेर तीन तहका महासंघसँगका पदाधिकारी तथा सदस्यहरूसँग सुझाव लिन छलफल गरिएको बताए ।

उनले भने, 'नीति र व्यवस्थामा भएका कुरा तथा कार्यान्वयनमा देखिएका समस्याका विषयमा छलफल गर्न समन्वय बैठक गरिएको हो । विद्यमान त्रुटि सुधारको प्रयासमा हामी छौँ । संविधान मुताविकको काम सबै सरकारले गर्नुपर्छ । स्थानीय तहसँग प्रत्यक्ष सम्बन्ध राख्ने कानुन निर्माण गर्दा सहकार्य गरेर अगाडि बढ्न, संविधानतः समन्वय, सहकार्य र सहअस्तित्व मूलमर्मलाई पछ्याउन र भएका समस्या समाधानका लागि प्राविधिक तथा व्यवहारिक आधारमा छलफल चलाउनुपर्छ ।'

छलफलमा जिल्ला समन्वय समितिलाई कामयावी बनाउनुपर्ने, सदस्यहरूको सेवासुविधा हेरफेर गर्नुपर्ने, स्थानीय तहको राजस्व संकलन र बाँडफाँट, स्थानीय तहमा भइरहेको नदीजन्य पदार्थको उत्खनन, संकलन तथा निकासीका लागि निर्माण गर्नुपर्ने कानुन, प्रदेशबाट सञ्चालित योजनाहरूको कार्यान्वयन तथा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/२०८४ को नीति तथा कार्यक्रमले तय गर्ने बजेट र योजनाका बारेमा छलफल भएको थियो ।


## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु ।

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौ,
- व्यक्तिगत जानकारी (जस्तैः इएट, पासवर्ड बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अद्धि राम्रोसँग विवरण पडेरमात्र खरिद गरौं,
- खरिद गरेको सामग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ / मिल्दैन सो बारे जानकारी राखौं,
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
- ठगीको मनसायले गरिने अत्यधिक सस्तो सामग्री प्रति सचेत रहौं,
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानून रुपमा दर्ता भए/नभएको एकिन गरौं,
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।


## हावाहुरीले...

यस क्षेत्रमा अग्ला रुख, घर वा अन्य संरचना बनाउन पाइँदैन,' लामो समय नेपालका विद्युत पूर्वाधार निर्माणको अनुभव संगालेका एक इन्जिनियर भन्छन्, 'हावाहुरी, वर्षा वा प्राकृतिक विपद्का बेला रुख ढलेर लाइनमा नपरोस् भनेर 'भेजिटेसन म्यानेजमेन्ट' अत्यन्त महत्वपूर्ण मानिन्छ । धेरै दुर्घटना यही पक्ष कमजोर हुँदा हुने गर्छन् ।'

उनका अनुसार १३२ केभी लाइनका पोल वा टावर हावाहुरी, भूकम्प र भार सहन सक्ने गरी डिजाइन गरिन्छ । फाउन्डेसन मजबुत हुनुपर्छ । माटोको प्रकृति, भूगोल र मौसमको जोखिम अध्ययन गरेर मात्रै संरचना निर्माण गरिने आयोजनाका पोलमा रुख ढलेर भाँचिनुलाई प्राविधिक पाटोमा सामान्यरुपमा लिन नहुने उनले बताए । झण्डै ६ वर्षअघि सुरु भएको कोहलपुर-सुर्खेत १३२ केभी विद्युत् प्रसारण आयोजनाले गएको माघमा पूर्णता पाएको थियो ।

दुई वर्षभित्र कर्णाली प्रदेशमा विद्युत् चार्ज गर्ने लक्ष्यका साथ २२ असार २०७६ मा आयोजना अघि बढेको थियो । सम्झौताअनुसार २३ असार २०७८ मै सम्पन्न भइसक्नुपर्ने आयोजना बाँके तथा बर्दिया राष्ट्रिय निकुञ्जमा जग्गा भोगाधिकार, रुख कटान र स्थानीयको अवरोधले ६ वर्षपछि धकेलिएको थियो ।

यो विद्युत् लाइन विस्तारका लागि कोहलपुरदेखि वीरेन्द्रनगरसम्म कुल एक सय ६२ वटा टावर निर्माण गरिएको छ । सुर्खेतको सुब्बाकुनाको एउटा टावर ५० मिटर अग्लो र अरु सबै टावर लगभग ३० मिटर उचाइका निर्माण गरिएको छ । झण्डै चार दशक पुरानो ३३ केभीए प्रसारण लाइन विस्थापित गरी उच्च गुणस्तरको विद्युत् सुर्खेतसहित कर्णालीका विभिन्न जिल्लामा पुऱ्याउने र प्रसारण लाइनमार्फत कर्णालीका माथिल्लो क्षेत्रमा बन्ने आयोजनाको विद्युत् राष्ट्रिय ग्रिडमा जोड्ने उद्देश्यका साथ १३२ केभी आयोजना अघि बढेको थियो ।

यो प्रसारण लाइन सुर्खेतहुँदै दैलेख, कालीकोट र जुम्लासम्म पुग्ने छ । पछिल्लो चरणमा सुर्खेतदेखि दैलेखको चुप्रासम्मको यो प्रसारण लाइनको पनि काम भइरहेको छ । ३७ वर्ष पहिले २०४५ सालमा बाँकेको कोहलपुरदेखि सुर्खेतको वीरेन्द्रनगरसम्म पहिलोपटक विद्युतको ३३ केभी लाइन विस्तार गरिएको थियो । उक्त लाइन साना सिटी पोलमार्फत जंगलको बीचमा भएकाले पानी पर्दा, हावा चल्दा यो लाइन बारम्बरा अवरुद्ध हुने, सुक्खा मौसममा भोल्टेज लो हुने गरेको छ । एंगल टावरसहितको १३२ केभी प्रसारण लाइन निर्माण भएपछि सुर्खेत र आसपासमा यो लाइनबाट वितरण भएको क्षेत्रका विद्युत् ग्राहकले उक्त समस्याबाट राहत पाएका थिए ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# जुम्लामा जिल्लास्तरीय राष्ट्रपति र निङ शिल्डमा हिमा गाउँपालिका प्रथम




**युग संवाददाता**
**जुम्ला, २६ वैशाख ।**

जिल्लाको हिमा गाउँपालिका-२ स्थित ओदीमा सञ्चालन भएको १६औँ जिल्लास्तरीय राष्ट्रपति र निङ शिल्ड प्रतियोगितामा हिमा गाउँपालिकाका प्रथम भएको छ। शुक्रबार भएको फाइनल खेलमा हिमाले २५ वटा स्वर्ण पदक प्राप्त गरी प्रथम भएको हो।

चन्दननाथ नगरपालिकाले १४ वटा स्वर्ण पदक प्राप्त गरी दोस्रो स्थान हुँदा पातारासी गाउँपालिका पाँच स्वर्ण पदकसहित तेस्रो भएको हिमा गाउँपालिका खेलकुद तथा शिक्षा शाखा प्रमुख बमबहादुर शाहले जानकारी दिए। त्यसैगरी क्रमशः कनकासुन्दरी गाउँपालिका चौथो, सिंजा पाँचौं, तिला सातौँ र तातोपानी गाउँपालिकाका आठौँ भएका शाहले जानकारी दिए।

यहाँका सातवटा स्थानीय तहबाट छनोट भएर आएका खेलाडी जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा सहभागी भएका उनले बताए। जिल्लास्तरीय र निङ शिल्ड प्रतियोगितामा कराँते, उशु, तेक्वान्दो, भलिबल, एथलेटिक्स, कबड्डीलगायत खेल भएको हिमा गाउँपालिका अध्यक्ष लक्ष्मण शाहीले जानकारी दिए।

जिल्लाका आठवटा स्थानीय तहमध्ये गुठीचौर गाउँपालिकाबाहेक सात स्थानीय तहले प्रतियोगितामा सहभागिता जनाएको गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले जनाएको छ।

# वनहरा नदीको किनारमा रहेको भूमिहीनको हलो जोतेर उमेर बित्यो

**युग संवाददाता**
**कञ्चनपुर, २६ वैशाख ।**

सुदूरपश्चिमको पहाडी जिल्ला बैतडीबाट दुई दशकअघि मथुरादेवी सार्कीको परिवार 'सस्तो बेसा' (खाद्यान्न)को खोजीमा तराई झर्‍यो। सार्की परिवारको एउटा सुन्दर सपना थियो। तराईको समथर फाँटमा आफ्नो एउटा सानो घर हुनेछ र परिवारका सदस्यले पेटभरि खान पाउनेछन्।

सत्तरी वर्षको उमेर ढल्किँदै गर्दा मथुरा देवीको त्यो सपना अझै पनि कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-११ स्थित वनहरा नदीको किनारमा रहेको भूमिहीन शिविरको झुपडीभित्र गुम्सिएर रहेको छ।

"हलो खलो गर्दै जीवन बित्यो, हुने खाने उमेर छँदा अरूकै हलो जोत्यौँ," उनी भन्छन्, "अर्काको घरमै अरूले दिएको भात दाल खान पायौँ, त्यसमै भुल्यौँ, तर आज बुढेसकालमा न बस्ने ठेगान छ, न त हातमा कुनै लालपुर्जा।" यो पीडा मथुरा देवीको मात्र होइन। वनहरा नदीको किनारमा रहेको शिविरमा बस्दै आएका भूमिहीन परिवारको साझा व्यथा हो।



पुर्खादेखि नै अरूको खेतबारीमा पसिना बगाएका यी परिवारका लागि आफ्नै जमिनको एक टुक्रा पनि छैन। न त बाजे-बज्यैको नाममा कुनै सम्पत्ति थियो, न त श्रीमान् वा छोराको नाममा। पुस्तौँदेखि श्रम बेचेर बाँचेका यी परिवार अहिले बुढेसकालमा पनि असुरक्षित झुप्रोमा मजदुरी गरेर दिन काट्न बाध्य छन्।

शिविरमा बस्ने सबै रहरले त्यहाँ पुगेका भने होइनन्। डडेल्धुराको बलौँचाबाट आएका दलबहादुर बोहराको कथा अझै मार्मिक छ। पहिरोले आफ्नो भएको घरबास र सानो टुक्रा जमिन सबै बगाएपछि उहाँको परिवार शरणार्थीको रूपमा वनहरा शिविर आइपुगेको हो।

"पहिरोले सबथोक लग्यो, ज्यान जोगाउन यहाँ आयौँ, "बोहरा भन्छन्, "अहिले यहाँ हामीसँग बस्नका लागि बलियो घर छैन, न त गरिखान जमिन छ, शुरक्षित घर र जग्गा पाइन्छ भनेपछि फाराम भर्यौं, तर अहिलेसम्म सरकारले हाम्रो पुकार सुनेको छैन।" शिविरमा डडेल्धुरा, बैतडी र अन्य पहाडी भेगबाट विस्थापित भएका धेरै परिवार छन्। उनका लागि वर्षायाम आउनु भनेको कालको अर्को नाम जस्तै हो। वनहरा नदीको किनारमै पाल टाँगेको झुपडीमा बसेका यी परिवारलाई कुन बेला बाढीले बगाउने हो भन्ने त्रासले रातभर निद्रा पर्दैन।

शिविरकी अमृता साउद भन्छन्, "वर्षातको समय जतिजति नजिक आउँछ, मुटुको धड्कन पनि त्यति नै बढ्छ, वनहरा नदीमा बाढी आए शिविरसम्मै पुग्छ, अनि ज्यान जोगाउन भाग्नुको विकल्प हुँदैन।" बाढी आएपछि कयौँ पटक जङ्गलमा भागेको कुरा उनी सुनाउछन्।

वनहरा शिविरका युवा घरमा छैनन्। घर खर्च चलाउन र साँझ-बिहानको छाक टार्नका लागि यहाँका प्रायः सबै युवा भारतका विभिन्न सहरमा मजदुरी गर्न गएका छन्। स्थानीय राधिका सोंवका अनुसार, "शिविरमा अहिले बुढापाका, महिला र बालबालिका मात्रै छन्, युवा छ महिना भारतमा पसिना बगाउँछन् र केही पैसा लिएर आउँछन्, त्यसैले हाम्रो जीविका चल्छ, सक्नेले यहाँ पनि मजदुरी गर्छन्, नसक्ने शिविरमै कष्टकर जीवन बिताउँछन्।"

प्लास्टिकको त्रिपाल र बाँसका भाटाले बनेका झुप्रामा बस्नुको पीडा वर्णन गरिसाध्य छैन। बहादुर कामी भन्छन्, "झुपडीभित्र गर्मीले बस्न सकिँदैन, बाहिर निस्क्यो भने लामखुट्टेले टोकेर हैरान पार्छ, त्यसैमाथि सर्प, बिच्छी र अन्य विषालु कीराको त्रास उस्तै छ।" तुलाराम बोहरा आक्रोश र दुख मिसिएको स्वरमा भन्छन्, "हाम्रो त पुस्ता नै जग्गाविहीन भएर सकिने भयो, सरकारले सुरक्षित स्थानमा स्थानान्तरण गरिदिए मात्र पनि हाम्रो ज्यान जोगिन्थ्यो।"

# राहदानी घरमै पुऱ्याउन तयार छन् 'हल्कारा'

**युग संवाददाता**
**महेन्द्रनगर, २६ वैशाख ।**

दश दिनअघि जिल्ला प्रशासन कार्यालय कञ्चनपुर र जिल्ला हुलाक कार्यालयबीच राहदानी वितरण गर्नेसम्बन्धी सम्झौता भएअनुरूप सेवाग्राहीको घरमै राहदानी पुऱ्याउन 'हल्कारा' तयारी अवस्थामा छन्। हुलाक कार्यालयमा आएका चिठी, पत्रपत्रिका र पार्सल सम्बन्धित व्यक्तिको हातमा पुऱ्याउने श्रेणीविहीन कर्मचारीलाई 'हल्कारा' भनिन्छ।

जिल्ला हुलाक कार्यालयले हुलाक सेवालाई आधुनिकीकरण गरी 'सरकारी कुरियर सेवा' सञ्चालन गरिरहेका बेला प्रशासन कार्यालयसितको सम्झौतामा आगामी दिनमा घरदैलोमै राहदानी चाहने सेवाग्राहीका लागि सहजता दिन तयारी गरिसकेको छ।

जिल्ला हुलाक कार्यालयका प्रमुख सरोज पाण्डेयले प्रशासन कार्यालयसितको सम्झौतापछि घरमै राहदानी पुऱ्याउने कामको प्रक्रिया सुरु भइसकेको जानकारी दिए।

# रेसिङ साहाराले उचाल्यो कोहलपुर गोल्डकपको ट्रफि

**युग संवाददाता**
**बाँके, २६ बैशाख ।**

चौथो संस्करणको कोहलपुर गोल्डकपको ट्रफि आयोजक रेसिङ साहारा क्लबले उचालेको छ। शनिबार सम्पन्न फाईनल खेलमा नेपाल पुलिस क्लबलाई ३ का बिरूद्द ४ गोलले हराउँदै रेसिङ साहाराले ट्रफि उचालेको हो।

कोहलपुर-२ स्थित फुटबल मैदानमा सम्पन्न फाईनल खेल ट्राईबेकरमा पुगेको थियो। निर्धारीत समयमा दुबै टिमले १-१ गोल गरेपछि खेल ट्राईबेकरमा धकेलीएको थियो। खेलको सुरू भएको ५ मिनेटमै रेसिङ साहारा क्लबका १८ नम्बर जर्सिका खेलाडि चेतन चौधरीले गोल गरेका थिए। दोस्रो हाफको पहिलो मिनेटमै नेपाल पुलिसका धिरेन्द्र शाहले उत्कृष्ट गोल फर्काउँदै नतिजा बराबर गरेका थिए। ९० मिनेटको खेलमा दुबै टिमले थप गोल गर्न नसकेपछि खेल ट्राईबेकरमा पुगेको थियो।

ट्राईबेकरमा समेत नतिजा बराबर भएपछि खेल सडेन डेथमा पुगेको थियो। सडेन डेथमा रेसिङ साहाराका फागुराम चौधरी, चेतन चौधरी, सन्दिप के.सी. र सुजन मगरले गोल गरेर नतिजा आफ्नो पक्षमा पारेका थिए। नेपाल पुलिस क्लबका राम वाजी, सन्जिव लामा र हेमन्त श्रेष्ठले मात्र गोल फर्काएका थिए।

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्युटर इन्ष्टिच्युट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



**GANGAMALA TRAVELS & TOUR PVT. LTD**
**CAR WASH**

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810

● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP



**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।